(सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको)

२०८१ साल माघ १ देखी २०८१ साल चैत्र मसान्तर सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

**(स्वत:प्रकाशन)**

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

प्रादेशिक स्वास्थ्य निर्देशनालय

प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वत

कुश्मा,नेपाल

स्वत: प्रकाशन

नेपालको संविधान २०७२को धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ का प्रत्येक सार्वजनिक निकाएहरुले आफुले सम्पादित गरेका क्रियाकलापहरुको विवरण प्रत्येक ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । सूचनाको हकको संरक्षण र प्रचलन गराउन यस स्वास्थ्य कार्यालयले २०८१ साल माघ १ देखी २०८१ साल चैत्र मसान्तर सम्म सम्पादित प्रमुख क्रियाकलापहरु प्रकाशित गरिएको छ । आगामी दिनहरुका स्वत:प्रकाशन लाई थप व्यवस्थित र मर्यादित ढंगले नियमित रुपमा अगाडी वढाउन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत प्रतिवद्ध रहेको जानकारी पनि गराउन चाहान्छौ ।

**मितिः २०८२ वैशाख ०२ गते मंगलवार**

विषयसूची


| क्र.सं. | विवरण |
| --- | --- |
| १ | प्रदेश जनस्वास्थ्य कार्यालयको स्वरुप र प्रकृति |
| २ | प्रदेश जनस्वास्थ्य कार्यालयको काम कर्तव्य र अधिकार |
| ३ | कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण |
| ४ | उजुरी सुन्ने अधिकारीको विवरण |
| ५ | कार्यालय वाट प्रदान गरिने सेवा |
| ६ | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकारी |
| ८ | सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी |
| ९ | सम्पादन गरेका कामको विवरण |
| १० | सूचना अधिकारी र प्रमुखको नाम र पद |
| ११ | आर्थीक कारोवार सम्वन्धी विवरण |
| १२ | ऐन,नियम विनियम एंव निर्देशिकाको सूची |
| १३ | कार्यालयको पर्वतको वेवसाईट र अन्य विवरण |

## १ प्रदेश जनस्वास्थ्य कार्यालयको स्वरुप र प्रकृति

गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालयको मातहतमा गण्डकी प्रदेशभरी ११ जिल्लामा जिल्लास्तरीय कार्यालय हरुमध्ये  जनस्वास्थ्य कार्यालय पर्वत रहेको छ जहाँ २ वटा नगरपालिका र ५ वटा गाउँपालिका रहेका छन। बहुषक्षिय समन्वयमा राष्ट्रिय प्राथमिकता प्राप्त जनस्वास्थ्य सेवाको संचालन, समन्वय र सहजीकरणक मार्फत जिल्ला तथा स्थानीय तहमा कार्यक्रमको प्रभावकारिता र पहुँच अभिबृद्धिको नेत्तृत्व स्वास्थ्य कार्यालय पर्वतले गर्दै आएको छ। पर्वत जिल्लामा नियमित स्वास्थ्य सेवा प्रवाह गर्नको लागि १ सरकारी अस्पताल, ३ आधारभुत अस्पताल, ३ निजि अस्पताल, १ प्राथमिक स्वास्थ्य केन्द्र,५० स्वास्थ्य चौकी, ६आधारभुत स्वास्थ्य सेवा केन्द्र, ४ शहरी स्वास्थ्य केन्द्र, २७ सामुदायिक स्वास्थ्य ईकाइ, १२५ गाउँघर क्लिनिक, १८३ खोप क्लिनिक, १ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ४ आयुर्वेद औषधालय, ५०० महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका कार्यरत छन। उल्लेखित संस्थाहरु मध्ये ३८ वटा वर्थिङ्ग सेन्टर, १८ वटा संस्था OTC, २ वटा BEONC Sites , १ वटा CEONC Site , १७ वटा Safe Abortion Sites र १८ वटा संस्थामा प्रयोगशाला सेवा समेत संचालनमा रहेका छन। मुख्यतह पर्वत जिल्लाका ७ वटै स्थानीय तह, गण्डकी प्रदेश र संघिय सरकारको समन्वयमा प्रतिकारात्मक, प्रर्वधनात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रवाह गर्नको लागि व्यवस्थापक र सहजिकरणको भुमीका जनस्वास्थ्य कार्यालय पर्वतले निभाउदै आएको छ ।

## २ प्रदेश जनस्वास्थ्य कार्यालयको काम कर्तव्य र अधिकार

प्रदेश अन्तर्गत स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसंग समन्वय, सहजीकरण, सहयोग एवं तोकिए बमोजिम प्रदेशको निर्देशन भए अनुसार कार्यान्वयन गर्ने।

२. कार्यक्षेत्र भित्रका जिल्लाहरु तथा स्थानीय स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने खोप, अत्यावश्यक तथा गुणस्तर एवं संवेदनशील औषधी तथा स्वास्थ्य सामाग्रीहरु भण्डारण तथा वितरण योजना (मासिक, त्रैमासिक/चौमासिक, अर्धवार्षिक, वार्षिक) गरि कार्यन्वयन गर्ने।

३. जनस्वास्थ्य तथा भेक्टर सर्भिलेन्स र विपद/महामारी व्यवथापन, सहजीकरण र समन्वय गर्ने।

४. जनस्वास्थ्य अभियान संचालन तथा सहयोग, समन्वय र सहजीकरण गर्ने।

५. स्थानीय सरकार र स्वास्थ्य निकायहरु बिच समन्वय गर्ने।

६. एकीकृत स्वास्थ्य सुचना विश्लेषण र अध्ययन गरी सो अनुसार योजना बनाउने एवं स्थानीय तहमा सहजीकरण तथा पृष्ठपोषण गर्ने।

७. स्वास्थ्य सेवाको पहुँच, उपयोग वृद्धि गर्न आवश्यक योजना बनाउने, समन्वय तथा सहजीकरण गर्ने।

८. सरकारी, निजि, सहकारी द्वारा संचालित स्वास्थ्य संस्थाहरु, कर्मचारीहरुको सुपरिवेक्षण, अनुगमन, नियमन तथा गुणस्तर सम्बन्धी कार्य गर्ने।

९. संस्थागत तथा जनशक्तिको प्राविधिक क्षमता अभिवृद्धि गर्ने।

१०. प्रादेशिक विशेष स्वास्थ्य एवं नियमित कार्यक्रमहरु (क्षयरोग तथा कुष्ठरोग नियन्त्रण, परिवार नियोजन, मातृशिशु स्वास्थ्य, सामाजिक सुरक्षा, बिमा, विशेषज्ञ स्वास्थ्य शिविर लगायत हात्तीपाइले, पोषण, दादुरा खोप, लगायत अन्य विशेष कार्यक्रमहरु)को संचालन, समन्वय र सहजीकरण गर्ने।

११. वातावरणीय स्वास्थ्य, खानेपानी, सरसफाई तथा पेशागत स्वास्थ्य प्रवर्धन एवं व्यवस्थापन कार्य गर्ने।

१२. जनसंख्या व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

१३. प्रदेश सरकारबाट तोकिएका कार्यहरु गर्ने।

१४. बहुक्षेत्रीय समन्वय सहजीकरण सम्बन्धी कार्य गर्ने।

१५. आन्तरिक प्रशासन (आर्थिक, प्रशासनिक, व्यवस्थापन) सम्बन्धी कार्य गर्ने।

## ३ कार्यालयमा रहने कर्मचारी संख्या

Website: www.hoparbat.gandaki.gov.np

जनसक्ति विवरण

# प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको जनशक्तिविवरण

| सि.न. | पदको विवरण | सेवा | समूह | श्रेणी/ तह | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | जनस्वास्थ्य अधिकृत वा सो सरह | स्वास्थ्य सेवा | हे.इ | ७/८ तह | १ | १ | २ छात्रवृत्ति करार |
| २. | तथ्याङक सहायक | आ.यो त. | तथ्याङ्क | ५/६ तह | १ | १ | ० |
| ३. | हे. अ. वा सो सरह | स्वास्थ्य सेवा | हे.इ. | ५/६/७ तह | २ | ३ | ० |
| ४. | प. हे. न | स्वास्थ्य सेवा | प.हे.न | ५/६/७ तह | १ | १ | ० |
| ५. | ल्याव टेक्निसीयन | स्वास्थ्य सेवा | मे.ल्याब.टे. | ५/६/७ तह | १ | १ | अध्यन विदामा |
| ६. | कोल्ड चेन | स्वास्थ्य सेवा | हे.इ | ४/५/६ तह | १ | १ | १ करार |
| ७. | प्रशासन | प्रशासन | सा.प्रशासन | ५/६ तह | १ | १ | |
| ८. | लेखा | प्रशासन | लेखा | ५/६ तह | १ | १ | |
| ९. | का. स. | श्रेणीविहिन | प्रशासन | श्रेणी बिहिन | २ | २ | २ करार |
| १०. | ह. स. चा. | श्रेणीविहिन | मे.ई | श्रेणी बिहिन | १ | १ | ० |
| | जम्मा | | | | १२ | १३ | |

Email: dhoparbat44@gmail.com

## ४ उजुरी सुन्ने अधिकारीको विवरण

नाम : बद्रीराज आचार्य

पद : कार्यालय प्रमुख

मोवाईल नं : ९८५७६३५११९

ईमेल आइडी : dhoparbat44@gmail.com

## ५ कार्यालय वाट प्रदान गरिने सेवा

माथि जनस्वास्थ्य कार्यालयको काम, कर्तव्य र अधिकारमा उल्लेख भएको तपशिल बमोजिम

- खोप सेवा
- वालस्वास्थ्य तथा पोषण सेवा
- परिवार नियोजन सेवा
- सुरक्षित मातृत्व सेवा
- रोग नियन्त्रण सेवा
- प्रयोगशाला सम्बन्धीत सेवा
- आर्थीक तथा प्रशासनिक सेवा

## ६ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस कार्यालयमा शुल्क तिरेर लिने कुनै पनि सेवा नभएको हुदाँ कार्यालय वाट उपलब्ध हुने सम्पुर्ण सेवाहरु निशुल्क र समयमा नै पाप्त गर्न सकिन्छ ।

## ७ निर्णय गर्ने प्रक्रिया र अधिकारी

कार्यक्रमकको सम्बन्धित फोकल पर्सनहरु सगं सल्लाह गरी अन्तीम निर्णय कार्यालय प्रमुखले लिने व्यवस्था रहेको छ ।

## ८ सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

*प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतमा कार्यरत कर्मचारीहरुको सम्पर्क विवरण*

| सि.नं | कर्मचारीको नाम थर | पद | सम्पर्क नं | सम्बन्धित शाखा | इमेल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बद्रिराज आचार्य | कार्यालय प्रमुख | ९८५७६३५११९ | आर्थीक प्रशासन | **dhoparbat44@gmail.com** | |
| २ | रघुनाथ रेग्मी | प्रशाशन प्रमुख | ९८५७६२५१४५ | प्रशासन / स्टोर | Regmiraghunath123@gmail.com | |
| ३ | प्रकाश गौतम | जनस्वास्थ्य निरीक्षक | ९८५६०३०७९० | नसर्ने रोग | Prakashgautam1111@gmail.com | |
| ४ | तेज प्रसाद सुवेदी | सि.अ. हे. व | ९८५७६२५१७१ | पोषण | tejsubedi७४@gmail.com | |
| ५ | सुमन शर्मा | पब्लिक हेल्थ नसिङ्ग निरीक्षक | ९८४७६४४१६२ | सुरक्षित मातृत्व | sumesarma४२@gmail.com | |
| ६ | उज्वल तिवारी | ल्याव टेक्निसीयन | ९८४११२२८१२ | ल्याव | clstiwariujjwal@gmail.com | हाल अध्यनन विदामा |
| ७ | नारायण प्रसाद रेग्मी | परिवार नियोजन सुपरभाइजर निरीक्षक | ९८४७७८८७२९ | परिवार नियोजन | regmi११nryn@gmail.com | |
| ८ | रामचन्द्र सुवेदी | तथ्याङ्क सहायक | ९८४१८९७२२७ | तथ्याङ्क | subedirc३@gmail.com | |
| ९ | गणेश आचार्य | लेखापाल | ९८५७६२०६२८ | लेखा | acharyaganeshac@gmail.com | |
| १० | ममता ढकाल | जनस्वास्थ्य अधिकृत | ९८४६७४१४१३ | खोप | Dhakalmamta1@gmail.com | |
| ११ | अंजली पि सी | जनस्वास्थ्य अधिकृत | ९८६७९७१३३५ | सुरक्षित मातृत्व | anjaleephogovnp@gmail.com | |
| १२ | उज्वल गौतम | कोल्डचेन सहायक | ९८४७७४०५९४ | कोल्डचेन | ujwalgautam2053@gmail.com | |
| १३ | सन्तोष क्षेत्री | कार्यालय सहयोगी | ९८४४७३४३२४ | - | - | |
| १४ | टंक बसेल | हलुका सवारी चालक | ९८४७६२५६६९ | | - | |
| १५ | गंगा अधिकारी | कार्यालय सहयोगी | ९८४७६४३३६२ | | - | |
| १६ | राधिका कडेल | कार्यालय सहयोगी | ९८६७६८०४०७ | | - | |

## ९ यस त्रैमासिकमा सम्पादन गरेका कामको विवरण

### प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम

मिती २०८१-१०-१६ गते देखि १८ सम्म प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आयोजनामा र स्वास्थ्य शाखा विहादी गाउँपालिकाको समन्वयमा प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम विहादी गाउँपालिकाका दुई स्वास्थ्य संस्था बिहादी स्वास्थ्य चौकी रानीपानी र वाहाकीठाँटी स्वास्थ्य चौकीमामा सम्पन्न भएको छ । जसमा सामान्य प्रसूति ,प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन , Pre-eclampsia / Eclampsia को व्यवस्थापन , Condom tamponade, Kangaroo mother care, निशासिएको नवशिशुको व्यवस्थापन, recording reporting , infection prevention र Non pneumatic Antishock Garment को प्रयोग जस्ता विषयमा ज्ञान् सिपको बिकास गरिएको थियो । On-site coaching मा रानीपानी स्वास्थ्य चौकीमा सहभागी ५ जना सेवा प्रदायकहरुलाई प्रतिभा कोइराला ( ब. अ.न.नि ,शिर्शुवा अस्पाताल) र भोज कुमारी शर्मा ( अ.न.नि, गैहा प्राथामिक अस्पताल)ले मेन्टरिङ गर्नु भएको थियो भने वाहाकीठाँटी स्वास्थ्य चौकीमा सहभागि ५ जना सेवा प्रदायकहरुलाई दुर्गा सापकोटा (सि. अ. न मी.नि -कुश्मा नगपालिका) र सगुन जी सी (सि. अ. न. मी-जलजला गा.पा)ले मेन्टरिङ गर्नु भएको थियो भने सहजीकरण स्वास्थ्य कार्यालय पर्वतका जनस्वाथ्य अधिकृत अन्जली पि सी र विहादी गाउँपालिकाका स्टाफ नर्स सिर्जना आचार्यले गर्नु भएको थियो । Onsite coaching को तेस्रो दिन गुणस्तर सुधार अनुगमन ( QIP)गरी सुधारको लागि ब्यबस्थापन समिती सँग बैठक बसी सुधार गर्नुपर्ने विषयहरुमा कार्ययोजना पनि बनाइएको थियो जसमा विहादी गा पा का प्र .प्र. अ हरि भुसाल ,वार्ड अधक्ष्यहरु ,स्वास्थ्य संस्था प्रमुखहरु , संस्था कर्मचारीहरु समिती सदस्य हरुको उपस्थिति रहेको थियो । यस कार्यक्रमको समापन सँगै यो आ .वमा पर्वत जिल्लाका १० बर्थिङ सेन्टरमा on-site कोचिङ सम्पन्न भएको छ । यस आ.वमा प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतवाट onsite coaching मेन्टोरिङ पछि वर्राचौर स्वास्थ्य चौकी र वहाकीठाटी स्वास्थ्य चौकीलाई १/१ थान Non pneumatic Antishock Garment वितरण गरिएको छ ।

### एच.पि.भी. खोप अभियान २०८१

पर्वत जिल्लाका कुल ४ हजार ७ सय १९ जना किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सर विरुद्धको एचपीभी खोप लगाइने भएको छ । जिल्लाभरका कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने बालिका र किशोरीलाई माघ २२ गतेदेखि फागुन २ गतेसम्म खोप अभियान संचालन गर्न लागिएको हो । जिल्ला स्वास्थ्य कार्यालय पर्वतका प्रमुख प्रविन शर्माका अनुसार जिल्लामा रहेका निजी तथा सामुदायिक विद्यालयमा १ सय ९५ वटा खोप केन्द्रमार्फत खोप अभियान संचालन गर्न लागिएको हो । अभियानको विषयमा जानकारी दिन मंगलबार प्रदेश स्वास्थ्य कार्यालयमा आयोजित कार्यक्रममा विद्यालयमा अध्ययनरत बालिका तथा किशोरी खोप अभियानमा सहाभागी भए पनि विद्यालय बाहिर रहेका ५२ जना बालिकालाई सो अवसरमा खोप लगाइने जानकारी दिइएको थियो । अभियानलाई कार्यालयले २ चरणमा सञ्चालन गर्दैछ । पहिलो चरण अन्तर्गत माघ २२ गते देखि २७ गतेसम्म कुश्मा नगरपालिका, मोदी गाउँपालिका, फलेवास नगरपालिका र जलजला गाउँपालिकामा सम्पन्न हुनेछ । दोस्रो चरण अन्तर्गत माघ २८

गते देखि फागुन २ गतेसम्म विहादी गाउँपालिका, महाशिला गाउँपालिका र पैयू गाउँपालिकामा सञ्चालन हुनेछ। उक्त अभियानमा ६ कक्षा देखि १० कक्षा सम्म अध्ययन गर्ने छात्रा तथा विद्यालय नजाने १० देखि १४ बर्ष सम्मका सबै किशोरीहरुले आफूले अध्ययन गर्ने बिद्यालय वा नजिकको स्वास्थ्य संस्थामा गई खोप सेवा लिन सक्नुहुनेछ ।

## एच.पि.भी. खोप अभियानको औपचारिक शुभारम्भ

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा र कुश्मा नगरपालिका को संयुक्त आयोजनमा एच.पि.भी. खोप अभियानको पहिलो चरणको औपचारिक शुभारम्भ कार्यक्रम कुश्मा नगरपालीका प्रमुख रामचन्द्र जोशीको अध्यक्षतामा र जिल्ला समन्वय प्रमुख विष्णुराम वि. क को प्रमुख आतिथ्यतामा कुश्मा नगरपालिका ४ नारायण नमूना मा.वि पर्वत बाट शुभारम्भ भएको थियो भने मिति २०८१ माघ २८ गते प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वत र विहादी गाउँपालिकाको संयुक्त आयोजनामा एच.पि.भी खोप अभियानको दोश्रो चरणको शुभारम्भ कार्यक्रम विहादी २ बर्राचौरका वडा अध्यक्ष श्री गणेश प्रसाद शर्मा ज्यूको अध्यक्षता र जिल्ला समन्वय प्रमुख विष्णुराम वि.क ज्यूको प्रमुख आतिथ्यतामा आम्बरी माध्यमिक विद्यालयबाट बाट शुभारम्भ भएको थियो । एच.पि.भी. खोप सम्बन्धि थप जानकारीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पैसा नलाग्ने हेल्लो हेल्थ कल सेन्टर १११५ वा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

## राष्ट्रिय प्रजातन्त्र दिवस- २०८१ को अवसरमा सरकारी कार्यालयका कर्मचारीको निम्ति नसर्ने रोगको स्क्रीनिङ तथा स्वास्थ्य परिक्षण कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा र प्रादेशिक अस्पताल कुश्माको सहकार्यमा नसर्ने रोगहरुको पहिचानका लागि एक महिने अभियान : फागुन २०८१ राष्ट्रिय प्रजातन्त्र दिवस- २०८१ को अवसरमा सरकारी कार्यालयका कर्मचारीको निम्ति नसर्ने रोगको स्क्रीनिङ तथा स्वास्थ्य परिक्षण कार्यक्रम जिल्ला समन्वय समितिको कार्यालय प्राङ्गणमा जिल्ला समन्वय प्रमुख श्री विष्णु राम वि.क.ज्यू ,प्रमुख जिल्ला अधिकारी श्री केदारनाथ शर्मा ,समन्वय अधिकारी लगायत जिल्ला स्थित सम्पूर्ण कार्यलयका प्रमुख ज्यूहरु, कर्मचारीहरु ,सुरक्षा सुरक्षाकर्मीहरु र संचारकर्मीहरूको उपस्थितीमा सम्पन्न भएको छ। उक्त कार्यक्रममा १०३ जनाको उचाई, तौल, उचाई तथा तौल अनुसार शरीरको मोटोपन(BMI), रक्तचाप, मधुमेह पिसाबमा प्रोटिन मात्रा, पिसाबमा गुल्कोजको मात्र स्क्रिनिङ गरीएको थियो जसमा पुरुष ७३% र महिला २६.२१% रहनु भएको थियो । उचाई, तौल, उचाई तथा तौल अनुसार शरीरको मोटोपन(BMI) सामन्य तौल४९.५% ,४२%उच्च तौल ४.८५%,मोटोपन मा देखिएको थियो भन उच्च रक्तचापको जोखिममा २६.२% र उच्च रक्तचाप १३.५% मा ,मधुमेहको अवस्थामा (RBS)मधुमेहको जोखिममा ५.८% मा र मधुमेह १.९% मा देखिएको थियो ,पिसाबमा प्रोटिनको मात्र भने कसैमा देखिएको थिएन । परीक्षण पश्चात् नियमित स्वास्थ्य जाँच ,नियमित व्याम, खानपान शैलीमा व्यवस्थापन गर्ने जस्ता स्वास्थ्य चिकित्सक परामर्श दिएको थियो । कार्यक्रममा पर्वत अस्पतालका डाक्टर ,ल्याब टेक्निसियन सहित को टीम ,प्यारामेडिक ,नर्सिङ ,प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत टिम गरी १५ जनाले उक्त परीक्षण सहजीकरण गर्नु भएको थियो ।

## निःशुल्क स्थायी बन्ध्याकरण(पुरुषहरुको लागी भ्यासेक्टोमी र महिलाहरुको लागी मिनिल्याप) तथा लामो अबधिको अस्थायी परिवार नियोजन(IUCD/Implant सेवा सहितको) शिविर

मिति २०८१ फल्गुन १७ गतेदेखि १९ गते सम्म

प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा,पर्वतको आयोजना तथा प्रदेश अस्पताल कुश्मा पर्वतको प्राविधिक सहयोग र पर्वत जिल्लाका सवै स्थानिय तहको समन्वयमा सन्तानको रहर पुगिसकेका ईच्छुक दम्पतिहरुको लागी निःशुल्क स्थायी बन्ध्याकरण(पुरुषहरुको लागी भ्यासेक्टोमी र महिलाहरुको लागी मिनिल्याप) तथा लामो अबधिको अस्थायी परिवार नियोजन(IUCD/Implant सेवा सहितको) शिविर म मिति २०८१ फल्गुन १७ गते जलजला गाउँपालिका लेखफाँट स्वास्थ्य चौकिमा र मिति २०८१ फल्गुन १८ गते र १९ प्रदेश अस्पताल कुश्मा पर्वतमा सम्पन्न भएको छ । उक्त शिविरमा धौलागिरी प्रदेशिक अस्पातलका जेनेरल सर्जन डा. शंकरराज लामिछाने, स्त्री रोग विशेषज्ञ , नर्सिङ अधिकृत सहितको टोलि र प्रदेश अस्पताल कुशमबाट मे.सु डा.हेमन्त बस्तोला, डा.मिलन अवाले , ब. अ.न.नि सरस्वती बराल लगायत एनेस्थेसिया , हे. अ, स्टाफ नर्सको प्राविधिक सहजीकरण रहेको थियो भने प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतबाट नि. कार्यालय प्रमुख रघुनाथ रेग्मी ,प.नि.सु.नी.नारायण प्रसाद रेग्मी, सि.अ.हे.व. तेज प्रसाद सुबेदी, ज.स्वा.अ.अंजली पी. सी र जलजला गाउपालिका स्वास्थ शाखा प्रमुख गणेश मल्ल लगायतको टोलीको ब्यबस्थापन रहेको थियो । लेखफाँट स्वास्थ्य चौकिमा संचालन शिविरमा ५ जना पुरुष बन्ध्याकरणका सेवाग्राहीहरुले लाभ लिनुभएको थियो भने भएको मिति २०८१ फल्गुन १८ गते र १९ प्रदेश अस्पताल कुश्मा पर्वतमा संचालन शिविरमा १२ जना पुरुष बन्ध्याकरणका र ५ मिनिल्यब महिला बन्ध्याकरणका सेवाग्राहीहरुले लाभ लिनु भएको थियो र प्रदेश अस्पताल पर्वतमा मिति २०८१/१०/१० मा ३ र मिति २०८१/०३२ मा ४ जना गरी ७ अन्यले अगावै पुरुष बन्ध्याकरणको सेवा लिनुभएको थियो । यसै गरी यस आ .ब ८१/८२मा पुरुष बन्ध्याकरण २४ र ५ महिला बन्ध्याकरणका सेवाग्राही संख्या रहेको छ । यस शिविर सञ्चालन सम्पन्नमा सहयोग गर्नु हुने सम्पूर्ण स्थानिय तह , स्वास्थ्य संस्था , महिला स्वास्थ्य स्वयंसेविका , स्वाथ्यकर्मी , पर्वत अस्पताल परिवार , धौलागिरी अस्पताल परिवार , सेवाग्राहि लगायत सम्पूर्णहरुमा हार्दिक धन्यवाद तथा आभार ब्यक्त गर्दछौ ।

## मासिक भर्चुअल सेसन भाग १०

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतद्वारा शुन्य लागतमा शुरु भएको मासिक भर्चुअल सेसन भाग १० अन्तर्गत २०८१ फाल्गुन महिनाको सेसन "ANC to PNC continuum of care " शिर्षकमा सम्पन्न भएको छ । उक्त सेसनको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका प. हे.नि.नि सुमन शर्माले गर्नु भएको थियो भने सहजीकरण प्रदेश अस्पताल, कुश्मा, पर्वतका MDGP डा. Milan Awale ले गर्नुभएको थियो । १ घन्टा भन्दा लामो सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट जुम आइडी मार्फत करिव ४० जना भन्दा बढी स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो ।

## घरमा सुत्केरी हुने दर उच्च भएका स्वास्थ्य संस्थामा जनप्रतिनिधि, गर्भवती महिला तथा अन्य सरोकारवलाहरु सगँ सचेतना तथा पैरवि वैठक कार्यक्रम

मिति २०८१/१२/१७ प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आयोजनामा र मोदि गाउँपालिकाको समन्वयमा घरमा सुत्केरी हुने दर उच्च भएका स्वास्थ्य संस्थामा जनप्रतिनिधि, गर्भवती महिला तथा अन्य सरोकारवलाहरु सगँ सचेतना तथा पैरवि वैठक कार्यक्रम भुकताङ्लेमा मोदि गाउँपालिका वडा नं १ का वडा अध्यक्ष श्री चित्र वहादुर गुरुङ ज्यूको अध्यक्षतामा संचालन भएको सम्पन्न भएको छ भने मिति २०८१/१२/२२ धाइरिङ स्वास्थ्य चौकिमा स्वास्थ्य चौकी व्यपस्थापन समितीमा अध्यक्ष दुङ्गनाथ शर्माको अध्यक्षतामा सम्पन्न भएको छ ।स्वास्थ्यकर्मीको अनुपस्थितिमा घरमा सुत्केरी हुँदा आमा, बच्च्चा वा दुबैको स्वास्थ्यमा जटिलता आउने सम्भावना उच्च हुन्छ । तसर्थ घरमा सुत्केरी हुने दर न्यूनीकरण गरी संस्थागत सुत्केरीलाई अभिवृद्धि गर्न तथा मातृ तथा शिशु स्वास्थ्यलाई सुदृढ पार्न स्थानीय तहबाट समेत यसको पैरवी हुन अपरिहार्य छ। घरमा सुत्केरी हुने दर उच्च रहेका क्षेत्रमा जनप्रतिनिधि, गर्भवती महिला तथा अन्य सरोकारवालाहरुसँग सहकार्य गर्दै स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरीको महत्वबारे सचेत गराउन यस कार्यक्रम संचालन गरिएको छ ।यस कार्यक्रममा सहजीकरण ठुलिपोखरी प्राथमिक स्वास्थ्य केन्द्रका मेडिकल अधिकृत डा कृष्ण सुबेदी, मोदी गाउँपालिका मेडीकल अफिसर डा.दीपक रेग्मी र प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वाथ्य अधिकृत अन्जली पि.सी ज्यूले गर्नुभएको थियो ।उक्त कार्यक्रमको संचालन स्वास्थ्य चौकी प्रमुख ज्यूहरुले गर्नुभएको थियो जसमा गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत शाखा प्रमुख, आमा सुरक्षा तथा मातृ सुरक्षा कार्यक्रमको फोकल पर्सन, जनप्रतिनिधि,गर्भवती महिला र स्वास्थ्यकर्मीहरु सहित ८० जनाको उपस्थिति रहेको थियो ।कार्यक्रम सम्पन्न पश्चात् स्वास्थ्य संस्था व्यवस्थापन समितीका सदस्य सहित अन्य सरोकारवला निकाएहरुको उपस्थितिमा सुधार विषयमा छलफल गरी कार्ययोजना बनाइएको थियो

## द्रुत प्रतिकार्य समिति तथा द्रुत प्रतिकार्य टोलीको वैठक,RRT परिचालन तथा अभिमुखिकरण कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजना र महाशिला गाउँपालिकाको समन्वयमा द्रुत प्रतिकार्य समिति तथा द्रुत प्रतिकार्य टोलीको वैठक,RRT परिचालन तथा अभिमुखिकरण कार्यक्रम मिति २०८१/१२/१२ गते महाशिला गाउपालिकाको सभाहलमा सम्पन्न भयो ।उक्त कार्यक्रम को अध्यक्षता महाशिला गाउँपालिका उपाध्यक्ष धनसुवा वि.क र सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम फोकल पर्सन तेज प्रसाद सुवेदी र शाखा प्रमुख नर बहादुर बरालले गर्नु भएको थियो ।कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत विपत समितिका सदस्य RRC RRT टोलीका सदस्य सहित २२ जनाको सहभागिता रहेको थियो ।

## छुटेका तथा पुनर्ताजकी गर्नुपर्ने स्वास्थ्यकर्मीहरुलाई MNH सेवा र Pregnancy Registration and Tracing (PRTP) app, MPDSR सम्बन्धि अभिमुखिकरण कार्यक्रम

**मिति २०८१/१२/२५ देखी १२/२८ गते सम्म** प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आयोजनामा छुटेका तथा पुनर्ताजकी गर्नुपर्ने स्वास्थ्यकर्मीहरुलाई MNH सेवा र Pregnancy Registration and Tracing (PRTP) app, MPDSR सम्बन्धि अभिमुखिकरण कार्यक्रमको दुई व्याच प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको कार्यालय प्रमुख बद्रीराज आचार्य ज्यूको अध्यक्षतामा सम्पन्न भएको छ ।कार्यक्रमको सहजीकरण प्रदेश अस्पताल कुश्माका एम.डि.

जि. पि ,डा. मिलन अवाले, पदेश अस्पताल कुश्माका अस्पताल नर्सिङ निरिक्षक सुनिता नेपालि ,मेडिक मोवाईलका प्रोगाम अफिसर नारायण रिजाल, प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वाथ्य अधिकृत अन्जली पि.सी र प.हे.न.नि सुमन शर्माले गर्नु भएको थियो । कार्यक्रममा मातृ तथा नवशिशुको वर्तमान अवस्था, pregnancy registration and tracing, MPDSR, Vitamin k, PPH Bundle Approach र Infection Prevention को विषयवस्तु जोडि प्रशिक्षण गरिएको थियो । कार्यक्रममा स्थानिय तहका र प्रदेश अस्पताल कुश्माका नर्सिङ कर्मचारीहरु, जनस्वास्थ्य कार्यालय पर्वतका शाखाका कर्मचारिहरु सहित ५२ जनाको उपस्थिति रहेको थियो ।

## मासिक भर्चुअल सेसन भाग ११

**मिति २०८१/१२/२५** प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतद्वारा शुन्य लागतमा शुरु भएको मासिक भर्चुअल सेसन भाग ११ अन्तर्गत २०८१ चैत्र महिनाको सेसन MSS मा सम्बन्धित भइ ३.७.४ प्रकोप न्यूनिकरण व्यवस्था को ३.७.४.४ सम्बन्धित भइ "स्वास्थ्यकर्मीहरुलाइ प्रकोप न्यूनिकरणको अभिमुखिकरण " शिर्षकमा प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतका प्रमुख बद्रिराज आचार्यको अध्यक्षतामा सम्पन्न भएको छ । उक्त सेसनको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत अन्जली पि.सी गर्नु भएको थियो भने सहजीकरण WHO Health Emergencies ,Provincial Health Emergency Operation Center (PHEOC), MoH, Gandaki Province का field Medical officer डा. राजिव लालचन ज्यू ले गर्नुभएको थियो । २ घन्टा भन्दा लामो सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट जुम आइडी मार्फत करिव ३५ जना भन्दा बढी स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो ।

## अत्याधुनिक एक्सरे मेशिन द्वारा निशुल्क छातिरोग सम्बन्धि खोजपड्ताल शिविर

प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आयोजना,प्रादेशिक क्षयरोग नियन्त्रण केन्द्र पोखराको प्राविधिक सहयोग र कारागार कार्यालय कुश्मा पर्वतको आयोजनामा कारागार कार्यालय कुश्मामा अत्याधुनिक एक्सरे मेशिन द्वारा निशुल्क छातिरोग खोज पड्ताल शिविर सम्पन्न भएको छ ।उक्त शिविरमा पर्वत कारागारमा रहेका कैदि बन्दी सहित १०३ जनालाई जाँच गरिएको थियो। उक्त शिविरमा एक जना सेवा ग्राहीलाई क्षयरोग निदान गरि उपचार गरिएको छ भने ३ जना शंकास्पद क्षयरोगी भटिएका छन। भेटीएका शंकास्पद क्षयरोगीको निदानको लागी खकारको नमुना संकलन गरिएको थियो भने उक्त शिविरमा १५ जनालाई उच्च रक्तचाप समस्या समेत देखिएको थियो। निजहरुलाई थप उपचारको लागी परामर्श समेत गरिएको थियो। साथै कुश्मा नगरपालिकाका ५१२ जना नागरिकलाई जाँच गरिएको थियो। उक्त शिविरमा ६ जना सेवा ग्राहीलाई क्षयरोग निदान गरि उपचार गरिएको छ भने १५ जना शंकास्पद क्षयरोगी भटिएका छन भने जलजला गा पा मा ५५० जना नागरिकलाई जाँच गरिएको थियो। उक्त शिविरमा २ जना सेवा ग्राहीलाई क्षयरोग निदान गरि उपचार गरिएको छ भने ५ जना शंकास्पद क्षयरोगी भटिएका छन

### Covid 19 Pfizer (omicron ) खोप कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यलय पर्बतको आयोजना र जलजला गाउँपालिका को समन्वयमा Covid 19 Pfizer (omicron) जलजला गा पा का सम्पूर्ण वार्डमा संचालन भएको थियो जसमा ४८०ले यो खोप प्राप्त गर्नु भएको थियो।

## १० सूचना अधिकारी र प्रमुखको नाम र पद

| सूचना अधिकारी | कार्यालय प्रमुख |
|---|---|
| सुमन शर्मा | बद्रीराज आचार्य |
| पब्लिक हेल्थ नर्सिङ निरिक्षक | जनस्वास्थ्य अधिकृत |
| ९८४७६४४१६२ | ९८५७६३५११९ |

## ११ आर्थीक कारोवार सम्वन्धी विवरण

आर्थिक वर्ष २०८१/८२ चैत्र मसान्तर सम्मकोको भौतिक तथा वित्तिय प्रगति

**प्रदेश नीति तथा योजना आयोग (योजना /अनुगमन तथा मुल्याङ्कन ) फा.नं. २**
**अनुसूची - २ ( चैत्र महिना सम्मको प्रगति प्रतिवेदन )**

.

२. वजेट उपशीर्षक नं. :

**३. मन्त्रालय /कार्यालय : स्वास्थ्य कार्यालय , पर्वत**

४. कार्यक्रम/आयोजनाको नामः कार्यालयको सम्पुर्ण (प्रदेश समानिकरण + संघ सशर्त)

**५. स्थानः**

६. आयोजना/कार्यालय प्रमुखको नाम : प्रविण शर्मा

७. जम्मा बजेट रकम रु. : 49546000

८. खर्च बजेट रकमः रु. : 29162325.70

९. वित्तिय प्रगति प्रतिशत 58.86%

**बजेटको किसिम : प्रदेश समानीकरण / संघ शसर्त अनुदान**

| क्र.सं | ब.उ.श.नं | कार्यक्रमको नाम | बिनियोजित बजेट | खर्च रकम | बाकी बजेट | भौतिक प्रगती % | वित्तिय प्रगती % | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३५००३०१३३ | स्वास्थ्य कार्यालयहरू | २१,३३०,०००।०० | १३५०४०८२।७ | ७८२५९१७३ | 63.00% | 63.31% | |
| २ | ३५०९११४५३ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र(संघ शसर्त अनुदान) | ३००,०००।०० | ०।० | ३००००००।० | 0.00% | 0.00% | |
| ३ | ३५०९११४०३ | उपचारात्मक सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | १,५००,०००।०० | ६४३२५०।० | ८५६७५०।० | 45.00% | 42.88% | |
| ४ | ३५०९११३१३ | स्वास्थ्य ब्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | १,३८०,०००।०० | ६६८३७।० | ७११६२९।० | 50.00% | 48.43% | |
| ५ | ३५०९११४२३ | परिवार कल्याण कार्यक्रम(संघ शसर्त अनुदान) | १९,२१३,०००।०० | १०११३२४६।० | ९०९९७५४।० | 55.00% | 52.64% | |
| ६ | ३५०९११४१३ | महामारी रोग नियन्त्रण कार्यक्रम(संघ शसर्त अनुदान) | २००,०००।०० | १६९३००।० | ३०७००।० | 85.00% | 84.65% | |
| ७ | ३५००३०१३४ | स्वास्थ्य कार्यालयहरू | २,०००,०००।०० | १९७२४३५।० | २७५६५।० | 99.00% | 98.62% | |
| ८ | ३५०९११४३३ | क्षयरोग नियन्त्रण (संघ शसर्त अनुदान) | २३०,०००।०० | ९६३५०।० | १३३६५०।० | 42.00% | 41.89% | |
| ९ | ३५०९११३८३ | नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम (संघ शसर्त अनुदान) | १,०३७,०००।०० | ०।० | १०३७०००।० | 0.00% | 0.00% | |
| १० | ३५०९११३२३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (संघ शसर्त अनुदान) | २,२४६,०००।०० | १९९५२९१।० | २५०७०९।० | 88.84% | 88.84% | |
| ११ | ३५०९११३४३ | एण्डस तथा यौन रोग नियन्त्रण (संघ शसर्त अनुदान) | ११०,०००।०० | ०।० | ११००००।० | 0.00% | 0.00% | |
| | | जम्मा | ४९,५४६,०००।०० | २९१६२३२५।७० | २०३८३६७४।३० | 60.00% | 58.86% | |

श्रोतगत संक्षिप्त विवरण

| बजेट प्राप्तीको श्रोत | बिनियोजन तर्फ | | | खर्च तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| | चालु | पुजिगत | कुल | चालु | पुजिगत | कुल | |
| प्रदेश सामानिकरण | २१,३३०,०००।० | २,०००,०००।० | २३,३३०,०००।० | १३,५०४,०८२।७ | १,९७२,४३५।० | १५,४७६,५१७।७ | |
| संघ शसर्त | २६,२१६,०००।० | ( | २६,२१६,०००।० | १३,६८५,८०८।० | ( | १३,६८५,८०८।० | |
| कुल | ४७,५४६,०००।० | २,०००,०००।० | ४९,५४६,०००।० | २७,१८९,८९०।७ | १,९७२,४३५।० | २९,१६२,३२५।७ | |

## १२ ऐन,नियम विनियम एंव निर्देशिकाको सूची

संघ र प्रदेश सरकार वाट प्राप्त तपशिल वमोजिमको ऐन, नियमावली र निर्देशिका लाई आधार मानी जनस्वास्थ्यका सम्पुर्ण कार्यक्रम संचालन गर्ने गरेको ।

- नेपालको संविधान २०७२
- जनस्वास्थ्य सेवा ऐन २०७५
- प्रदेश खर्चको मापदण्ड २०७९
- कार्यक्रम संचालन निर्देशिका संघ २०८१।८२

- कार्यक्रम संचालन निर्देशिका प्रदेश २०८१।८२
- सार्वजनिक खरिद ऐन २०६३

## १३ जनस्वास्थ्य कार्यालय पर्वतको वेवसाईट र अन्य विवरण

Web site: https://hoparbat.gandaki.gov.np

कार्यालय वाट हाल सम्म प्रकाशित वार्षीक प्रतिवेदनहरु

२०७८।७९, २०७९।८०, २०८०/८१